# कनकासुन्दरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बिराट सिंजा, जुम्ला
कर्णाली प्रदेश, नेपाल

### सेवा करारमा जनशक्ति पदपुर्ति गर्ने सम्वन्धी सूचना

प्रकाशित **मिति :२०७९।०९।२०**

कनकासुन्दरी गाउँपालिकामा **सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता आयोजना (SusWA) कार्यक्रम** संचालन सहयोगका लागि आवश्यक तपसिल अनुसारका जनशक्ति खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपुर्ति गर्नुपर्ने भएकाले इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०७९/१०/०४) कार्यालय समय भित्र आवश्यक उल्लेखित कागजात र दस्तुर तिरेको भौचर रसिद सहित गाउँपालिकाको कार्यालयमा आवेदन पेश गर्न हुन सूचित गरिन्छ ।

तपशिल

१. पद तथा आवश्यक न्यूनतम योग्यता र अनुभव सम्बन्धी विवरण

**क) खानेपानी सरसफाई तथा स्वच्छता संयोजक (विज्ञापन नं. SusWA- ०१/२०७९/८०, आवश्यक संख्याः- १ (एक))**

- कम्तीमा स्नातक तह (सिभिल इन्जिनियरिङ, ग्रामिण विकास, समाजशास्त्र, ब्यवस्थापन वा सो सरह ) उत्तिर्ण वा सिभिल इन्जिनियरिङ बिषयमा डिप्लोमा गरि अन्य विषयमा स्नातक गरि कम्तीमा ५ बर्षको ग्रामीण विकास, योजना तर्जुमा र ब्यवस्थापनमा कार्य गरेको अनुभव भएको हुनु पर्ने, कम्तीमा ३ बर्ष खानेपानी सरसफाई तथा स्वच्छताका क्षेत्रमा कार्य गरेको हुनु पर्ने ।
- सामाजिक परिचालन, तालिम सहजिकरणमा राम्रो अनुभव भएको
- आधारभुत कम्पुटर (MS word, Excel, power point) को ज्ञान र प्रतिवेदन क्षमता भएको
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तर्गत कार्य गरेकोलाई बिशेष ग्राह्यता दिईने।

**ख. खानेपानी, सरसफाइ तथा स्वच्छता प्राबिधिक - WASH Technician (विज्ञापन नं. SusWA- ०२/२०७९/८०, आवश्यक संख्याः- २ (दुई)**

- नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्था बाट इन्जिनियरिंग बिषयमा TSLC हासिल गरेको वा मान्यता प्राप्त तालिम केन्द्र बाट कम्तिमा ३० दिनको ग्रामिण खानेपानी तथा सरसफाइ योजना निमार्ण सम्बन्धि तालिम लिएको।
- खानेपानी वा सरसफाइको क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव र कम्तिमा ५ वटा Gravity खानेपानी प्रणालीमा काम गरेको ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता र पानी गुणस्तर सम्बन्धि तालिम प्राप्त ।
- स्थानीय सरकारको अधिनमा रहि दातृ संस्था द्वारा संचालीत परियोजनाहरुमा काम गरेको ।

**ग. सामाजिक परिचालक (Social Mobilizer) (विज्ञापन नं. SusWA- ०३/२०७९/८०, आवश्यक संख्याः- २ (दुई)**

- नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्था तथा विश्व विद्यालयवाट कम्तिमा प्रमाणपत्र तह उतिर्ण गरेको ।
- ग्रामिण परिबेशमा कम्तिमा दुइ बर्ष सामाजिक परिचालनको क्षेत्रमा काम गरेको र कम्तिमा एक बर्ष खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा काम गरेको ।
- खानेपानी, सरसफाइ तथा सामाजिक परिचालन सम्बन्धि तालिम लिएको ।
- स्थानीय सरकारको अधिनमा रहि दातृ संस्था द्वारा संचालीत परियोजनाहरुमा काम गरेको ।

२. **उमेर हदः** दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

३. **दरखास्त दस्तुर र जम्मा गर्नु पर्ने खाताको विवरणः** खानेपानी, सरसफाइ तथा स्वच्छता संयोजक (WASH Coordinator) का लागी ने. रु १०००, खानेपानी, सरसफाइ तथा स्वच्छता प्राविधिक र सामाजिक परिचालकका लागि ने. रु. ३०० मात्र गाउँपालिकाको **कुमारी बैंक, कनकासुन्दरी शाखा**मा रहेको **आन्तरिक राजस्व खाता नं. ०८७००३५७४९६०००००७** मा जम्मा गरेको सक्कल बैंक भौचर आवेदन साथ पेश गर्नु पर्ने छ ।

४. **व्यक्तिगत विवरण ढाँचा पेश गर्नु पर्नेः** आवेदकले ब्यक्तिगत विवरण, नागरिकता नं., ठेगाना, शैक्षिक योग्यता, अनुभवको विवरण सहितको व्यक्तिगत विवरण ढाँचा तयार पारि आवेदन साथ पेश गर्नु पर्ने।

५. **आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः** नागरिकताको प्रमाण-पत्र, शैक्षिक योग्यताको प्रमाण-पत्र, अनुभवका प्रमाण-पत्र, तालिम प्राप्त गरेका प्रमाण- पत्र।

६. **छनौटको किसिमः** योग्यता क्रमको प्रारम्भिक सुची, लिखित परिक्षा, कम्प्युटर परीक्षण र अन्तरवार्ता हुनेछ ।

७. विज्ञापन सम्बन्धी थप जानकारीको लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ। फोन नं ९८४८३०२२०८, इमेल-ito.kankasundarimun@gmail.com

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत